हरिनास गाउँपालिका

द्धारा २०८० साल श्रावण देखि २०८० साल चैत्र मसान्त सम्म भएका ५ नं वडा कार्यालय अन्तर्गत अन्तर्गत प्रगति विवरण सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफ ५ र नियमावली २०६५ को दफा ३ बमोजिम स्वतः प्रकाशित

स्थानीय सरकार

हरिनास गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चित्रेभञ्ज्याङ्ग,स्याङ्जा,गण्डकी प्रदेश,नेपाल।

<u>विषयसूची</u>

१.	परिचयः ........................................................................................................ 3

२.	वडा समितिबाट सम्पादन हुने कार्य ........................................................................ 4

३.	वडा कार्यालयमा कार्यरत मौजुदा जनशक्ति रिक्त जनशक्ति ......................................... 8

४.	स्वीकृत वार्षिक कार्यक्रम तथा कार्य प्रगति ................................................................ 9

४१  वडा स्तरीय योजना. ........................................................................................ 9

४.२ पालिका स्तरीय योजना ....................................................................................... 9

४.३ भौतिक पूर्वधार विकास कार्यालय स्याङ्जाद्धारा संचालित योजना ..................................... 9

४.४ पर्यटन तथा उद्योग कार्यालय स्याङ्जाद्धारा संचालित कार्यक्रम ....................................... 10

४.५ खानेपानी तथा सरसफाई कार्यालय स्याङ्जाद्धारा संचालित योजना ................................ 10

४.६ वडा कार्यालयबाट प्रदान गरिएको घटनादर्ता सम्बन्धी विवरण ........................................ 10

४.७ वडा कार्यालयबाट प्रदान गरिएको सामाजिक सुरक्षा सम्बन्धी विवारण ............9**Error! Bookmark not defined.**

४.८ वडा कार्यालयबाट संकलित राजश्व विवारण ............................................................. 11

४.१० अन्य विविध कार्यक्रम ...................................................................................... 12

५.	कार्यन्वयन नभएको अवस्था र कार्यान्वयन हुन नसक्नुको करण ........................................ 12

६.	कार्यक्रमको उपलव्धि वा सवल पक्ष ....................................................................... 13

७.	कार्यक्रमको दुर्वल पक्ष ........................................................................................ 13

८.	सुधार गर्नु पर्ने पक्ष ............................................................................................ 13

९.	निष्कर्षः ......................................................................................................... 13

१०.	फोटोहरुः ....................................................................................................... 14

## १. परिचय :

नेपाल सरकार मन्त्रिपरिषद् मिति २०७३/११/२७ को निर्णय अनुसार स्याङ्जा जिल्लामा गठित ११ स्थानिय तह मध्ये जिल्लाको दक्षिण पूर्वी भेगमा अवस्थित, जनसंख्या १७३४३ तथा ८७.४८ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गाउँपालिका साविक किचनास गा.वि.स. को ६, ८ र ९ वडा, चिसापानी गा.वि.स. को १-९ वडा, चित्रे गा.वि.स.को १-९ वडा, क्याक्मी गा.वि.स.को १.९ वडा तथा चिन्नेवास गा.वि.स. को ७, ८ र ९ वडालाई मिलाई स्याङ्जा जिल्लाकै ठुलो एवम् प्रख्यात हरिनासको वन बाट यस गाउँपालिकाको नामकरण भएको हो। यस गाउँपालिकामा ७ वटा वडा हरु रहेका छन् भने यसको केन्द्र साविक चित्रेभन्ज्याङ गा.वि.स. कार्यालयमा रहेको छ। यस गाउँपालिकाको पूर्वमा तनहुँको भिमाद नगरपालिका, उत्तरमा तनहुँको शुक्लागण्डकी नगरपालिका, पश्चिपममा बिरुवा गाउँपालिका र चापकोट नगरपालिका तथा दक्षिणमा चापाकोट नगरपालिका र तनहुँको भिमाद नगरपालिका रहेका छन्। यस ५ नं. वडा कार्यालयको कार्यालय देउरालीमा रहेको छ। यस वडा कार्यालय अन्तर्गत ५ [illegible] विद्यालय र १ ओटा स्वास्थ्य संस्था रहेको छ। २०७८ सालको जनगणना अनुसार यस ५ नं. वडा भित्र जम्मा १३९६ जनसंख्या रहेको छ जस मध्ये पुरुष ६६५ र महिला ७३१ जना रहेका छन् ।

- राष्ट्रिय तथ्यांक कार्यालय (राष्ट्रिय जनगणना २०७८ अनुसार )
- हरिनास गाउँपालिका वडा नं ५ को जनसंख्या विवरण

| | Total | Male | Female |
|---|---|---|---|
| All Ages | 1396 | 665 | 731 |
| 00-04 Yrs. | 93 | 47 | 46 |
| 05-09 Yrs. | 112 | 52 | 60 |
| 10-14 Yrs. | 125 | 53 | 72 |
| 15-19 Yrs. | 140 | 72 | 68 |
| 20-24 Yrs. | 107 | 50 | 57 |
| 25-29 Yrs. | 95 | 48 | 47 |
| 30-34 Yrs. | 65 | 26 | 39 |
| 35-39 Yrs. | 87 | 40 | 47 |
| 40-44 Yrs. | 85 | 39 | 46 |
| 45-49 Yrs. | 74 | 34 | 40 |
| 50-54 Yrs. | 78 | 38 | 40 |
| 55-59 Yrs. | 75 | 29 | 46 |
| 60-64 Yrs. | 69 | 38 | 31 |
| 65-69 Yrs. | 56 | 25 | 31 |
| 70-74 Yrs. | 67 | 35 | 32 |
| 75-79 Yrs. | 39 | 22 | 17 |
| 80-84 Yrs. | 18 | 12 | 6 |
| 85-89 Yrs. | 5 | 3 | 2 |
| 90-94 Yrs. | 3 | 2 | 1 |

| | | | |
|---|---|---|---|
| 95+ Yrs. | 3 | 0 | 3 |

## २. वडा समितिबाट सम्पादन हुने कार्य

(क) वडास्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्नेः

- आफ्नो वडा भित्रको बस्तुगत विवरण (नदीनाला, जैविक विविधता, खनिज पदार्थ, जनसंख्याको बनोट, आर्थिक अवस्था, उद्योगधन्दा, शिक्षा तथा स्वास्थ्य सम्बन्धी विवरण आदि) तयार गर्ने, अद्यावधिक गर्दै लैजाने,
- निजी घर तथा घरपरिवारको लगत राख्ने,
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,
- खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्वा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पाश्र्व चित्र तयार तथा अद्यावधिक गर्ने ।

(ख) वडाका विकास निर्माणका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा आवधिक प्रगति समीक्षा गर्नेः

- सहभागीतामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,
- टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,
- सम्वन्धित वडाभित्र संचालन हुने योजनाहरुको कार्यदिश दिने सम्झौता गर्ने अनुगमन गरी वडा कार्यालयलाइ भुक्तानीका लागी निर्देशन दिने र अन्तर वडास्तरिय योजनाहरु सम्वन्धित वडाहरुले गाउपालिकामा सिफारिस गर्ने ।

(ग) वडाका विकास निर्माणका कार्यहरु गर्नेः

- बालउद्यानको व्यवस्था गर्ने,
- अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,
- वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको व्यवस्थापन गर्ने,
- बालबालिकाहरूलाई बि.सि.जि., पोलियो लगायत खोप सेवा तथा भिटामिन "ए" को व्यवस्था गर्ने,
- पोषण कार्यक्रमको सञ्चालन गर्ने,
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
- शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र ब्यवस्थापन गर्ने, गराउने,
- वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,
- घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,
- कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवद्र्घन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,
- कृषि मलको माग सङ्कलन गर्ने,
- कृषिमा लाग्ने रोगहरूको विवरण तयार गर्ने,
- पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन,
- वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,
- स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,
- स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रवद्र्घन गर्ने,
- वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,
- अन्तर विद्यालय तथा वालक्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने,
- वडा क्षेत्रभित्रको वाटोघाटो चालू अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,
- वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,
- बाटोघाटोको वाढी, पहिरो पन्छाउने,
- घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने,
- वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,
- प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक र सोको अभिलेख संरक्षण गर्ने,
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,
- सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,
- वडालाई बालमैत्री बनाउने, .

- वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,
- विभिन्न समुदायका बीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,
- बालविवाह, महिला विरुद्धको हिँसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,
- प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी गाउँपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,
- असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्याई औषधोपचार गराउने,
- असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने, गराउने,
- वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,
- वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने,
- वडालाई वातावरणमैत्री बनाउने,
- प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने ।

(घ) कानून बमोजिमका नियमन कार्य गर्नेः

- वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको नियमन गर्ने,
- घरनिर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने,
- खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,
- वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रबद्र्धन गरी लगत राख्ने,
- हाट बजारको व्यवस्थापन गर्ने, गराउने,
- विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने ।
- नाता, नागरिकता आदिको सिफारिस तथा प्रमाणित गर्ने ।
- आफ्नो भौगोलिक क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा, तथा महशूलको स्थानीय दररेट तोक्ने ।
- आफ्नो वडाभित्रका उपभोक्ता समिति, सहकारी संस्था, निजी क्षेत्र लगायतका सबै विकास साझेदारहरुसँग विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय गर्ने ।

- समय समयमा नेपाल कानूनले तोकेबमोजिम अन्य काम गर्ने ।

(ङ) अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्ने

- पञ्जिकरण, नागरिकता तथा अभिलेख व्यवस्थापन
- गाउँपालिकामा व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- संघीय कानून र मापदण्ड बमोजिम गाउँपालिकामा व्यक्तिगत घटना (जन्म,मृत्यु, विवाह,बसाइ सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,
- आधुनिक प्रविधि अपनाई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रका लागि सिफारिस लगायतका महत्वपूर्ण अभिलेखको व्यवस्थापन,
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- स्थानीय स्तरको अभिलेख व्यबस्थापन ।
- नाता प्रमाणित गर्ने,
- नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,
- बहाल करको लेखाजोखा सिफारिस गर्ने,
- कोठा खोल्न रोहबरमा बस्ने,
- मोही लगत कट्टाको सिफारिस गर्ने,
- घरजग्गा करको लेखाजोखा सिफारिस गर्ने,
- जन्म मिति प्रमाणित गर्ने,
- व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने,
- मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने,
- विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,
- निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,
- अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने,
- घरपाताल प्रमाणित गर्ने,
- व्यक्तिगत विवरण प्रमाणित गर्ने,
- पुर्जामा घरकायम गर्ने सिफारिस गर्ने,
- फरक, फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारीश गर्ने,
- नाम, थर,जन्म मिति संशोधनको सिफारिस गर्ने,
- जग्गा धनीपूर्जा हराएको सिफारिस गर्ने,
- कागज र मन्जुरीनामा प्रमाणित गर्ने,
- कित्ताकाट गर्न सिफारिस गर्ने,
- संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,
- जीवितसँगको नाता प्रमाणित गर्ने,

- हकवाला वा हकदार प्रमाणित गर्ने,
- नामसारी गर्न सिफारिस गर्ने,
- जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,
- मृतकसँगको नाता प्रमाणित तथा सर्जिमन सिफारिस गर्ने,
- उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,
- जीवित रहेको सिफारिस गर्ने,
- पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस र अनुमति दिने,
- जग्गा मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने,
- विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,
- पालन पोषणको लागि सिफारिस गर्ने,
- वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस गर्ने,
- आर्थिक अवस्था कमजोर वा बिपन्नता प्रमाणित गर्न वा आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित
- विद्यालय ठाउँ सारी गर्न सिफारिस गर्ने,
- धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,
- प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने

## ३. वडा कार्यालयमा कार्यरत मौजुदा जनशक्ति रिक्त जनशक्ति

| क्र.स. | पद | तह | बिबरण | | | | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत दरवन्दी | स्थायी | करार | जम्मा | | |
| १ | खरिदार | चौथो | १ | ० | ० | ० | १ | काज सरुवा भएको |
| २ | हेल्थ असिस्टेन्ट(स्वास्थ्य) | स.पाँचौ | ० | १ | ० | १ | ० | पालिकाबाट वडा सचिवको थप जिम्मेवारी सहित कामकाज खटाईएको |
| ३ | सब ईन्जिनियर | पाचौ | १ | १ | ० | १ | ० | पालिकामा हाजिरी भई कामकाज गरिरहनु भएको |
| ५ | का.स. | - | १ | ० | १ | १ | ० | - |
| ६ | रिटर्नी स्वयमसेवक | - | 0 | ० | १ | १ | ० | सामि कार्यक्रम |

## ४. स्वीकृत वार्षिक कार्यक्रम तथा कार्य प्रगति

### ४.१ वडा स्तरीय योजना

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | कार्य प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | कुरुम्फा गोरेटो बाटो | १,५०,०००।०० | सञ्चालन | अन्तिम चरण |
| २ | वडा सरसफाई वडा नं. ५ | ३,००,०००।०० | भुक्तानी भएको | |
| ३ | रिकाट तार जाली व्यवस्थापन | ५०,००,००।०० | सञ्चालन | अन्तिम चरण |
| ४ | गोहीखोला मजुवाटार कुलो सिँचाई | १,००,०००।०० | संचालन | अन्तिम चरण |
| ५ | वसेनि गैह्रा मुल व्यवस्थापन | १,००,०००।०० | सञ्चालन | अन्तिम चरण |
| ६ | रिहिराम गोरेटो बाटो | १,५०,०००।०० | संचालन | अन्तिम चरण |
| ७ | लामडाँडा गोरेटो बाटो | १,५०,०००।०० | सञ्चालन | अन्तिम चरण |
| ८ | हरिनास पर्यटन | २,००,०००।०० | संचालन | अन्तिम चरण |
| ९ | किटिया वसन्तडाँडा गोरेटो बाटो | २,००,०००।०० | सञ्चालन | अन्तिम चरण |
| १० | तल्लो कमन्ते प्रवासी गोरेटो बाटो | १,५०,०००।०० | संचालन | अन्तिम चरण |
| ११ | देउराली फाल्थोक आग्रीडाँडा गोरेटो बाटो | २,५०,०००।०० | सञ्चालन | अन्तिम चरण |
| १२ | पाहारकुना गोरेटो बाटो | १,५०,०००।०० | संचालन | अन्तिम चरण |
| १३ | पोखरी डाँडा चौतारी निर्माण | ५०,०००।०० | सञ्चालन | अन्तिम चरण |

### ४.२ पालिका स्तरीय योजना

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | कार्य प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | जामुने गिजन्तिस – टापु गान्टे मोटर बाटो | २५,००,०००।०० | सञ्चालन | |

### ४.३ भौतिक पूर्वधार विकास कार्यालय स्याङ्जाद्धारा संचालित योजना

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | कार्य प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | मुडुलीचौपारी काउरेघाट मोटर बाटो | ३०,००,०००।०० | संचालन | |
| | | | | |

### ४.४ पर्यटन तथा उद्योग कार्यालय स्याङ्जाद्धारा संचालित कार्यक्रम

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम | कार्य प्रगति | कैफियत |
|---|---|---|---|---|
| 1 | हरिनास पर्यटन पुर्वाधार | ५,००,०००।०० | सञ्चालन | |

### ४.५ खानेपानी तथा सरसफाई कार्यालय स्याङ्जाद्धारा संचालित योजना

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | कार्य प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | आग्रीडाँडा लिफ्टिङ खानेपानी आयोजना | ३,५०,००,०००।०० | संचालन | बहु वर्षीय योजना |

### ४.६ वडा कार्यालयबाट प्रदान गरिएको घटनादर्ता सम्बन्धी विवरण

**घटना र दर्ताको समय अन्तर अनुसार प्रतिबेदन**

नेपाल सरकार

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

**वडा नं .५, हरिनास गाउँपालिका**

**वडा :** ५ **जिल्ला :** स्याङ्जा **गा.पा/न.पा. :** हरिनास **दर्ता मिति देखि :** २०८०-०४-०१ **दर्ता मिति सम्म :** २०८०-१२-३० **वर्ष देखि :** ० **वर्ष सम्म :** १०० **दर्ता अन्तर :** ३०

| दर्ता प्रकार | दर्ता भएको वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | १-३५ दिन | ३६-३६५ दिन | १-३० वर्ष | ३१-६० वर्ष | ६१-९० वर्ष | जम्मा |
| जन्म | ४ | ११ | ४३ | ४ | ० | ६२ |
| मृत्यु | ४ | ३ | ३ | १ | ० | ११ |
| सम्बन्ध बिच्छेद | ० | २ | १ | ० | ० | ३ |
| विवाह | ५ | २ | १० | ० | ० | १७ |
| बसाई सरी आएको | १ | ० | ० | ० | ० | १ |
| बसाई सरी जाने | १५ | ० | ० | ० | ० | १५ |
| **जम्मा** | **२९** | **१८** | **५७** | **५** | **०** | **१०९** |

### ४.७ वडा कार्यालयबाट प्रदान गरिएको सामाजिक सुरक्षा सम्बन्धी विवरण

| लक्षित समुह | गत आ.व. | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | बार्षिक कायम संङ्ख्या | जम्मा संङ्ख्या |
|---|---|---|---|---|---|---|---|

| | बाट नविकरण भएको संङ्ख्या (१) | नयाँ थप संङ्ख्या (२) | लगत कट्टा (३) | जम्मा कायम संङ्ख्या (क=१+२-३) | नयाँ थप संङ्ख्या (४) | लगत कट्टा (५) | जम्मा कायम संङ्ख्या (ख=क+४-५) | नयाँ थप संङ्ख्या (६) | लगत कट्टा (७) | जम्मा कायम संङ्ख्या (ग=ख+६-७) | नयाँ थप संङ्ख्या (८) | लगत कट्टा (९) | जम्मा कायम संङ्ख्या (घ=ग+८-९) | पुरुष | महिला | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | २२२ | ३ | १ | २२४ | ० | ३ | २२१ | ० | ३ | २१८ | ३ | ० | २२१ | ११० | १११ | ० | २२१ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १७ | ० | ० | १७ | ० | ० | १७ | ० | ० | १७ | १ | ० | १८ | ११ | ७ | ० | १८ |
| जेष्ठ नागरिक एकल महिला | १६ | ० | ० | १६ | ० | ० | १६ | ० | ० | १६ | ० | ० | १६ | ० | १६ | ० | १६ |
| विधवा | ३३ | ३ | ० | ३६ | १ | ० | ३७ | ० | ० | ३७ | १ | ० | ३८ | ० | ३८ | ० | ३८ |
| पूर्ण अपाङ्गता भत्ता | ५ | ० | ० | ५ | ० | ० | ५ | १ | ० | ६ | ० | ० | ६ | ४ | २ | ० | ६ |
| अति अशक्त अपाङ्गता भत्ता | ११ | ० | ० | ११ | ० | ० | ११ | ० | ० | ११ | ० | ० | ११ | ४ | ७ | ० | ११ |
| दलित बालबालिका | १९ | २ | १ | २० | १ | २ | १९ | ० | ० | १९ | ० | ० | १९ | १० | ९ | ० | १९ |
| जम्मा | ३२३ | ८ | २ | ३२९ | २ | ५ | ३२६ | १ | ३ | ३२४ | ५ | ० | ३२९ | १३९ | १९० | ० | ३२९ |

## ४.८ वडा कार्यालयबाट संकलित राजश्व विवारण

**आ.व. २०८०-०८१ चैत्र महिना सम्मको संकलित राजश्व विवरण**

हरिनास गाउँपालिका
५ नं. वडा कार्यालय
कार्यालयको कोड : ८०४४३५०६३०५
Revenue Heading Wise Collection

रु. हजारमा

**आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८०/१२/३०**

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| | ११३१४ | भुमिकर/मालपोत | ४९,१२०.०० | |
| २ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | १,०००.०० | |
| ३ | १४२४३ | सिफारिश दस्तुर | ३३,३००.०० | |
| ४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १९,८००.०० | |
| ५ | १४२४५ | नाता प्रमाणित दस्तुर | ८००.०० | |
| ६ | १४२४९ | अन्य दस्तुर | २२,४००.०० | |
| कुल जम्मा | | | १,२६,४२०.०० | |

### ४.९ अन्य विविध कार्यक्रम

- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्याङ्जाको आयोजनामा यस वडा भित्रका सम्पूर्ण पशुहरुमा विभिन्न महामारीजन्य सरुवा रोगहरुको विरुद्धको खोप कार्यक्रम संचालन भईरहेको छ।
- खरको छानो विस्थापन कार्यक्रम अन्तर्गत यस वडा कार्यालयमा ६ जना लाभग्राहीहरुलाई जस्तापाता खरिदको लागि छनौट गरिएको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ५ स्थानमा गोरेटो बाटो निर्माण कार्य भईरहेको
- सामी कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीमा जाने युवाहरुको लागि परामर्श सेवा उपलब्ध गराईराखेको

## ५. कार्यन्वयन नभएको अवस्था र कार्यान्वयन हुन नसक्नुको कारण कार्यान्वयन गराउनको लागी भएका पहल

- यो अबधिमा प्रमुख प्रशासकीय अधिकृत पद रिक्त रहेको कारणले गर्दा सम्झौता हुन नसकेको।
- उपभोक्ता समिति गठन गर्न ढिलाई भएको।
- दक्ष कामदार अभाव, पानीको समस्या लगायतका कारणले ढिलाई भएको।
- यस वडा कार्यालयमा प्रशासन सेवाको कर्मचारीको अभाव।

- यस वडा कार्यालयमा ईन्जिनियरिङ्ग सेवाको दरवन्दी भएतापनि हाजिरी वडा कार्यालयमा नभएको।

## ६. कार्यक्रमको उपलव्धि वा सवल पक्ष

- रोजगारीको सिर्जना भएको।
- बाटो पानी तथा अन्य सेवा सुबिधाको कारणले गर्दा सहरपलायन रोकिएको।
- अनलाईन प्रणालिबाट दर्ता चलानी तथा सिफारीस गरिएको।
- ग्ामिण सडकको निर्माण तथा स्तर उन्नतिले आवत जावत तथा दैनिक क्रियाकलाप गर्नमा सहज भएको

## ७. कार्यक्रमको दुर्वल पक्ष

- गाउँमा मानिस हरु कमि भएको कारणले गर्दा योजना सन्चालन गर्न गार्हो भएको।
- सामाग्री ढुवानी को समस्या।
- उपभोक्ता लाई क्षमता विकास तालिमको अभाव।
- वडा कार्यालयमा ईन्जिनीयरिङ्ग सेवाको कर्मचारीको अभाव।
- वडा कार्यालयमा प्रशासन सेवाको कर्मचरीको अभाव।
- वडा कार्यालयमा सवारी साधनको अभाव।
- दैनिक प्रशासनिक निति, नियम तथा प्रक्रियाको बारेमा जानकारीको कमि।

## ८. सुधार गर्नु पर्ने पक्ष

- उपभोक्ता लाई क्षमता बिकासको तालिम दिन आयोजना।
- वडा कार्यालयबाट सेवा प्रवाह गरिने विषयवस्तुमा जनचेतनामूलक कार्यक्रम तथा गोष्ठीको आयोजना गरिनुपर्ने।

## ९. निष्कर्ष :

हरिनास गाउँपालिका ५ नं.वडा कार्यालयमा आ.व. २०८०/०८१ को तेस्रो त्रैमासिक सम्ममा वडा स्तरीय वजेट १३ ओटा संचालन गरिएकोमा १ ओटा योजना भुक्तानी भएको र बाँकी योजना कार्यन्वयनमा रहेको पाईएको छ । त्यस्तै पालिका स्तरीय योजना १ ओटा विभिन्न प्रदेश स्तरीय कार्यालयहरुबाट ३ ओटा योजनाहरु संचालनमा रहेको छन । वडा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई थप व्यस्थित वनाउन अनलाईन सफ्टवेयर माध्यमबाट विभिन्न प्रकारको सिफारीस तथा प्रमाणित गर्ने साथै दर्ता चलानी पनि गर्ने गरिएको छ। साथै यस त्रैमासिक सम्म आइपुग्दा विभिन्न प्रकारका १०९ वटा घटना दर्ता गरिएको र ३२४ जना सामाजिक सुरक्षा लाभग्राहीहरु

समावेस गरिएको छ। साथै ६ जना लाभग्राहीहरुलाई खरको छानो विस्थापन कार्यक्रममा समावेश गरी कार्यक्रम अघि वढाईएको छ।

## १०. फोटोहरु :








कालासारु कुल थान

रिहिराम गोरेटो बाटो





देउराली फल्थोक आग्रीडाँडा गोरेटो

वैसेनी गैह्रा मुल व्यवस्थापन



रिकाट तार जाली व्यवस्थापन



किटिया बसन्तडाँडा गोरेटो बाटो

# प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका योजना



